# महान्यायाधिवक्ताको कार्यालय

नेपाल

(........................प्रशासन शाखा)

पत्र संख्या :- ०७२।७३

चलानी नं. :- १२३६

रामशाहपथ काठमाडौं

मिति :- २०७३/१/३१

विषयः- परिपत्र ।

**श्री पुनरावेदन सरकारी वकील कार्यालयहरु**

**(इलाम, धनकुटा, बिराटनगर, राजविराज, जनकपुर, हेटौंडा, पाटन, पोखरा,**

**वाग्लुङ, वुटवल, तुल्सीपुर, नेपालगञ्ज, सुर्खेत, जुम्ला, दिपायल, महेन्द्रनगर,)**

**बिशेष सरकारी वकील कार्यालय, काठमाडौं ।**

उपर्युक्त बिषयमा माननीय महान्यायाधिवक्ता श्री हरि फुयालज्यूबाट मिति २०७३।१।३१ मा देहाय बमोजिम अधिकार प्रत्यायोजन भएको हुँदा सोहि अनुसार गर्न गराउन हुन निर्णयानुसार अनुरोध छ ।

तपसिल

सर्वोच्च अदालतमा पुनरावेदन नलाग्ने मुद्दाहरुम पुनरावेदन अदालतले गरेको फैसला वा अन्तिम आदेशमा न्याय प्रशासन ऐन, २०४८ को दफा १२ को उपदफा (१) को (क) (ख) (ग) (घ) को अवस्था विध्यमान नभई सरकारी वकील सम्वन्धी नियमावली, २०५५ को नियम २१ बमोजिम मुद्दा दोहोऱ्याउन उपयुक्त छैन भन्ने सम्वन्धित पुनरावेदन सरकारी वकील कार्यालयका सहन्यायाधिवक्तालाई लागेमा शर्त सहित मुद्दा दोहोऱ्याउने निवेदन नगर्ने निर्णय गर्न सक्ने अधिकार सरकारी वकील सम्वन्धी नियमावली, २०५५ को नियम ३८ (४) बमोजिम १६ वटै पुनरावेदन सरकारी वकील कार्यालयका सहन्यायाधिवक्तालाई मिति २०७२।११।११ मा प्रत्यायोजन गरेकोमा प्रत्यायोजित अधिकार अन्तर्गत काम गर्न आन्तरिक व्यवस्थापनका कार्य बाँकी रहेकोले प्रत्यायोजित अधिकारको शर्त नं.३ को "**सम्वन्धित पुनरावेदन सरकारी वकील कार्यालयबाट प्राप्त निर्णय र अदालतबाट भएको फैसला समेत अध्ययन गर्दा मुद्दा दोहोऱ्याउने निवेदन गर्नुपर्ने देखेमा मिसिल झिकाई महान्यायाधिवक्ताको कार्यालयमा सम्वन्धित क्षेत्र हेर्ने नायव महान्यायाविधक्ताले सर्वोच्च अदालतमा मुद्दा देहोऱ्याउने निवेदन गर्ने**" भन्ने व्यवस्था हाल निलम्वन गरी दिएको छ । मुद्दा दोहोऱ्याउने निवेदन नगर्ने गरी गरेको निर्णयको अभिलेख राखी सोको विवरण तयार गरी मास्केवारी साथ यस कार्यालयमा पठाउने र उक्त निर्णयहरुका सम्वन्धमा यस कार्यालयबाट अनुगमन गरिने व्यहोरा सवै पुनरावेदन सरकारी वकील कार्यालयहरुमा जानकारी गराईदिनु ।

०७३।१।३१

(गजराज घिमिरे)

शाखा अधिकृत

D:\प्रशासनशाखा आ.व.२०७१...\अफिस फोल्डर\परीपत्र\पुनरावेदन परीपत्र..

☎: ४-२६२३९४, ४-२६२६९५, ४-२४०२१०, ४-२१२०४७, फ्याक्स :- ४-२६२५८२, ४-२१८०५१